# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.१३/०८१/८२

आज मिति २०८१।१२।२१ गते विहिबार दिउँसो १:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.१३/०८१/८२ (तेहौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

### उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

**बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | प्रतिभा कु.महतो | प्रशासन शाखा प्रमुख | | |
| २. | महन्त ठाकुर | खरिदार | | |
| ३. | प्रेम कुशवाहा | का.स. | | |

CamScanner

**कलैया उपमहानगरपालिका**

**नगर कार्यपालिकाको बैठक नं.१३/०८१/८२ मिति २०८१।१२।२१ गतेको एजेण्डा तथा निर्णयहरु**

**छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)**

**१. कलैया उपमहानगरपालिकाको बसपार्क व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिकाको बसपार्क व्यवस्थापन कार्यविधि, २०८१ माथी छलफल गरियो । साथै स्वीकृत गर्ने निर्णय गरियो ।

**२. कबाडीकर तथा वातावरण संरक्षण शुल्क सम्बन्धि ठेकेदारको निवेदन सम्बन्धमा ।**

**निर्णय :** कबाडीकर तथा वातावरण संरक्षण शुल्कका ठेकेदार धिरेन्द्र प्रसाद जैसवालले (फर्म सुमन निर्माण सेवा, दहियार, बारा) उक्त ठेक्का वापतको तेस्रो किस्ताको हुन आउने रकम रु.३८,००,०००।- अक्षरेपी अड्तीस लाख रुपैया किस्ता तिर्नु पर्नेमा विभिन्न कारण देखाई कुल तिर्नु पर्ने रकम मध्ये २४,९८,६३०।- अक्षरेपी चौबिस लाख अन्ठान्वे हजार छ सय तिस रुपैया मिनहा गरिदिनका लागि मिति २०८१/११/२७ गतेको पत्रबाट अनुरोध गरेकोमा माँग बमोजिमको रकम मिनहा गर्न उचित नदेखिएको र निजले तेस्रो किस्ता वापतको रकम हालसम्म पनि नतिरेकाले निजको बैक ग्यारेन्टीमा भएको रकमबाट तेस्रो र चौथो किस्ता वापतको रकम उपलब्ध गराईदिन वैंकलाई पत्राचार गर्ने निर्णय गरियो ।

**३. अवलोकन भ्रमण सम्बन्धमा ।**

**निर्णय :** २०८२ साल वैशाखको पहिलो हप्तामा पुर्व झापा, ईलाम ईत्यादी ठाउँहरुमा ३ देखि ४ दिन सम्मको लागि अवलोकन भ्रमणमा जाने निर्णय गरियो । साथै अवलोकन तथा भ्रमणमा सहभागी प्रत्येकलाई खाना, खाजा, तथा आवास खर्च वापत प्रतिदिन ३५००।- का दरले एकमुष्ठै १०,०००।- अक्षरेपी रु.दश हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**४. वडा नं.२७ को लहेरा समाज सेवा समितिको अधुरो धर्मशाला भवन निर्माण सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको वडा नं.२७ मा रहेको लहेरा समाज सेवा समिति कुनै व्यक्तिको नाममा नरहेको र अधुरो धर्मशाला भएको साथै उक्त अधुरो धर्मशाला निर्माणका लागि वडा समितिको कार्यालय वडा नं.२७ को वडा स्तरीय वजेट बाट बजेट समेत विनियोजन भएको र उक्त धर्मशाला निर्माण पश्चात लहेरा समाज लगायत अन्य व्यक्ति/समाजले समेत सेवा पाउने देखिएकोले उक्त लहेरा समाज सेवा समितिको अधुरो धर्मशाला निर्माण कार्य गर्ने गराउने निर्णय गरियो ।

**६. सहकारी, बजार तथा विधालय अनुगमन सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिका अन्तर्गतका सहकारी, बजार तथा संस्थागत विधालयहरुको अनुगमनका लागि तपसिल बमोजिम अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

**१. सहकारी अनुगमन**

क) संयोजक श्री सुनिल प्रसाद यादव
ख) सदस्य श्री प्रभात कुमार वर्मा
ग) सदस्य श्री महन्त ठाकुर

**२. बजार अनुगमन**

क) संयोजक श्री प्रभात कुमार वर्मा
ख) सदस्य श्री तैयब अंसारी
ग) सदस्य श्री महमद इमरान अंसारी

**३. विधालय अनुगमन**

क) संयोजक श्री विजय अधिकारी
ख) सदस्य श्री राजिव कुमार यादव
ग) सदस्य श्री प्रभात कुमार वर्मा

**६. Preparation of feasibility study and (DPR) of provincial Economics zone in Madhesh Pradesh को लागि जग्गा एकीन गरी पठाउने सम्बन्धमा।**

**निर्णय :** उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, जनकपुरधाम, नेपालको आ.ब. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम Preparation of feasibility study and (DPR) of provincial Economics zone in Madhesh Pradesh को लागि तोकिएको मापदण्ड बमोजिम यस उपमहानगरपालिकाको वडा नं.१७ ब्रहमपुरीको जग्गा एकीन गरी जिल्ला समन्वय समितिको कार्यालय, बारा मार्फत पत्राचार गर्ने निर्णय गरियो।

**७. माँ कालीको मन्दिर निर्माणको लागि सहमति दिने सम्बन्धमा।**

**निर्णय :** यस कलैया उपमहानगरपालिका वडा नं.१८ मा गुरुकुलम ट्रस्ट द्वारा निर्माणाधिन रहेको गुरुकुलम परिसर भित्र माँ कालीको मन्दिर निर्माण गर्न सहमति माँग भएकोले सहमति दिने निर्णय गरियो।

**८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सुचिकृत बेरोजगार व्यक्तिहरुको नामावली नविकरण गर्ने सम्बन्धमा।**

**निर्णय :** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सुचिकृत बेरोजगार व्यक्तिहरुको नामावली २०८१/०८२ को लागि वडा समितिको कार्यालयहरुबाट सिफारिस भई आएबमोजिमनै बेरोजगार व्यक्तिहरुको नामावली नविकरण गर्ने निर्णय गरियो।

**९. चिस्यान केन्द्रको सामाग्री हस्तान्तरण गर्ने सम्बन्धमा।**

**निर्णय :** चिस्यान केन्द्र स्थापना गरी संचालन गर्न ईच्छुक सहकारीहरुले प्रस्ताव पेश गर्न यस कार्यालयबाट मिति २०८१/०६/०६ गते १५ दिने सुचना प्रकाशन भई प्रस्ताव पेश हुन आएका सहकारीहरुको अनुगमन गरी पेश भएको प्रतिवेदन अनुसार साना किसान कृषि सहकारी संस्था लि. कलैया उपमहानगरपालिका -२२ मटेरिया द्वारा संचालित दुध संकलन, प्रशोधन केन्द्रको पुँजी, लाभग्राही संख्या वढी रहेको र आफ्नै भैतिक पुर्वाधार रहेको देखियो। साथै यस सहकारी संस्थाले ५ वटा वडाको ११ वटा टोलका किसानहरुको दैनिक ८ सय लिटर भन्दा बढी दुध संकलन गरि आएको देखिएकोले किसानहरुले उत्पादन गरेको गाई, भैसीको दुध व्यवास्थापन गर्न उक्त साना किसान कृषि सहकारी संस्था लि. कलैया उपमहानगरपालिका -२२ मटेरिया द्वारा संचालित दुध संकलन, प्रशोधन तथा बजारीकरण केन्द्रलाई चिस्यान केन्द्रको सामाग्री हस्तान्तरण गर्ने निर्णय गरियो।

CamScanner

**१० . विधालयले लिने आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय :** नेपाल शिक्षा ऐन बमोजिम नेपाल सरकारले नि:शुल्क शिक्षा घोषणा गरेको विधालय शिक्षाको लागि सामुदायिक विधालयले विधार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाईने छैन तर अभिभावकले आफ्नो इच्छाले सामुदायिक विधालयलाई दिएको दान, उपदान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ, भनी व्यवस्था रहेकोले सोही बमोजिम प्राप्त हुन आउने आर्थिक सहयोग विधालयले लिने निर्णय गरियो ।

**११. वडा नं.२३ को सार्वजनिक जग्गा अतिक्रमण खाली गराउने सम्बन्धमा ।**

**निर्णय :** वडा नं.२३ नयका टोल बैराठपुरमा रहेको छठीघाट देखि पश्चिम तर्फको ऐलानी जग्गामा माटो पुरी खेलमैदान बनाउन जग्गा संरक्षण गर्ने, छठीघाट देखि पुर्व तर्फको ऐलानी जग्गा अतिक्रमण गरी बनाईएको संरचना हटाई बाटो तथा अघ्र दिनका लागि पोखरी निर्माण गर्न संरक्षण गर्ने र छठी घाट देखि पुर्वको नदी अतिक्रमण गरी बनाईएको खेत खाली गराई ऐलानी जग्गा संरक्षण गर्ने निर्णय गरियो ।

**१२. वडा नं.२७ को सार्वजनिक जग्गा अतिक्रमण खाली गराउने सम्बन्धमा ।**

**निर्णय :** वडा नं.२७ को पसाहा खोला नजिकको सार्वजनिक जग्गा महागढीमाई नगरपालिकाले अतिक्रमण गरी भोगचरण गर्दै आएकोले यस कार्यालयबाट अमिन खटाई उक्त सार्वजनिक जग्गा एकीन गरी जग्गा अतिक्रमण खाली गराउने निर्णय गरियो ।